# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं पौष १२ गते २०११ साल

## भाग २

### एकाउन्टेंट जनरल अफिससम्बन्धी अर्थमन्त्रालयको सूचना

१२३३ ४–९–०११

सदर मध्येश पाहाडका बही बुझाउनुपर्ने गैन्ह अड्डाको तहबील र स्रेस्ता जाँच गराउन एकाउण्टेन्ट जनरलका तजवीजले एकाउण्टेन्ट जनरल अफिसका ना. सुब्बा नन् गजेटेड अफिसरलाई कामको रोख पोख मिलाई हर साल भ्याएसम्मका अड्डा जाँच्न खटाई पठाउने गर्नू, गजेटेड–र्‍याङ्ककालाई खटाउनुपरेमा तालुक मन्त्री-लेड साधी निकाशा भएबमोजिम गर्नू। सोबमोजिम जाँच गर्न खटाई पठाएमा अड्डा अड्डाले पनि जाँच गर्न दिने गर्नुहोला।

आज्ञाले—

चूडानन्द वैद्य,

का. मु. सेक्रेटरी—अर्थमन्त्रालय.



९T९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अर्थमन्त्रालय (आय–विभाग) को सूचना

नेपाल भारत वाणिज्य सन्धिअनुसारको कार्य—पद्धतिहरु हाल देहायका स्थानहरुमा लागू भएकोले सो स्थानका बजार अड्डाहरुको नाममा बजार अड्डाको बदला 'भन्सार अड्डा' गर्ने निर्णय भएकोले सूचित गरिएको छ।

मोरंग विराटनगर भन्सार अड्डा।

महुत्तरी भन्सार अड्डा।

वीरगञ्ज भन्सार अड्डा।

भैरहवा भन्सार अड्डा।

नेपालगन्ज भन्सार अड्डा।

आज्ञाले—

चूडानन्द वैद्य,

का. मु. सेक्रेटरी—अर्थमन्त्रालय.

९८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार